बर्दघाट नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी लुम्बिनी प्रदेश नेपाल

बैठक संख्या:

श्री

आज मिति २०८२ साल कार्तिक ३० गते दिउसो १:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुरा पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री [illegible] चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, कार्यक्रम अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. वडा कार्यालयको भवन निर्माण सम्बन्धमा ।

२. प्रथम चौमासिक आय-व्यय प्रतिवेदन सम्बन्धमा ।

३. बजेट अनुमोदन तथा बाँडफाँड सम्बन्धमा ।

४. कृषि तथा पशुपन्छी सेवा विस्तार भवन निर्माण सम्बन्धमा ।

५. इजाजपत्र सम्बन्धमा ।

६. ल्याण्डफिल्ड साइटको लागि IEE तथा श्रोत सुनिश्चितता सम्बन्धमा ।

७. नगर दररेटमा आईटम थप गर्ने सम्बन्धमा ।

८. नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।

९. बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ र बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०८१ संशोधन सम्बन्धमा ।

१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र सम्बन्धमा ।

११. पोखरी र हाटवजारको आय ठेक्का सम्बन्धमा ।

१२. विविध ।

क) ल्यापटप अनुदान कार्यक्रम सम्बन्धमा।

ख) इन्स्योर परियोजना सँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा।

ग) रकम भुक्तानी सम्बन्धमा ।

घ) नगरपालिकामा कानूनी सल्लाहकारको अवधि थप सम्बन्धमा ।

ङ) माकर स्वास्थ्य चौकीको जग्गा दर्ता प्रकृया सम्बन्धमा ।

च) कार्यालयमा दैनिक ज्यालादारीमा इलेक्ट्रिक प्राविधिक कर्मचारी नियुक्ती गर्ने सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय नं. १

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८२/०८३) वडा कार्यालय भवन निर्माण शीर्षकमा (ब.सि.नं १०५३ को संघीय समपुरक अनुदान) छुट्टाईएको बजेट रु २,३८,००,०००/- (रुपैया दुई करोड अठतीस लाख मात्र) रकमबाट प्राविधिक लागत अनुमानका आधारमा देहाय वमोजिमका वडामा कार्यालय भवन निर्माण गर्ने ।

| सि.नं | वडा नं | विद्यमान अवस्था | बजेट रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | ९ | अधुरो भवन सम्पन्न गर्ने वडा नं ९ | प्राविधिक लागत अनुमान अनुसार | |
| २ | १६ | अधुरो भवन सम्पन्न गर्ने | प्राविधिक लागत अनुमान अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ३ | अधुरो भवन सम्पन्न गर्ने | प्राविधिक लागत अनुमान अनुसार | |
| ४ | ६ | नयाँ भवन निर्माण गर्ने | १०००० ,० | |
| ५ | १३ | नयाँ भवन निर्माण गर्ने | १००००.० | |
| ६ | १४ | नयाँ भवन निर्माण गर्ने | १००००.० | |
| ७ | | अन्य वडामा | प्राविधिक लागत अनुमान अनुसार बाँकी रकमबाट | |

निर्णय नं २

- बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को देहायबमोजिमको प्रथम चौमासिक आय-व्यय प्रतिवेदन अनुमोदन गर्ने ।

आयतर्फः रु २७,८२,९,०००/-

व्ययतर्फः रु १२,२३,१८,०००/-

निर्णय नं. ३

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८२/०८३) **चिसापानी अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च** शीर्षकमा (ब.सि.नं ७७८) मा छुट्टाईएको बजेट रु १५,००,०००/- (रुपैया पन्ध्र लाख मात्र) रकमबाट व्यवस्थापन खर्च माग भई आएकोले माग वमोजिमको देहाय वमोजिमको रकम उपलव्ध गराउने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | चिसापानी अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च | २ | १५,००,०००.० | माग वमोजिम निकासा दिने | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **कृषि उपज बजार पूर्वाधार निर्माणका लागि सहयोग** शीर्षकमा (ब.सि.नं. १०४५) छुटयाइएको बजेट रु २०,००,०००/- (रुपैया बीस लाख मात्र) रकम देहाय वमोजिम खर्च गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | भूताहा कृषि तथा हाटवजार निर्माण | ९ | २००००००.० | कृषि वजार व्यवस्थित नभएकोले | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **विपद व्यवस्थापन कोष** शीर्षकमा (ब.सि.नं.२७६) छुटयाइएको बजेट रु ४०,००,०००/- (रुपैया चालिस लाख मात्र) रकम देहाय वमोजिम बाँडफाँड गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | खोलामा डोजर एक्साभेटर प्रयोग गरि माटो खन्ने तथा पुर्ने काम | १६ | १,७६,०००.० | सिचाइ कुलो मर्मत | |
| २ | नगरपालिकाको चमेना गृहमा सामाग्री सहायता (क्यान्टिन) मर्मत तथा फर्निचर र मेशीनरी प्रदान गर्ने | ० | २,००,०००.० भित्र | जेन-जी आन्दोलनमा तोडफोड र आगजनी भएकोले | |
| ३ | सिचाइ कुलोको डिल निर्माण | ११ | ७०,०००.० | बाँध संरक्षण | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **मर्मत सम्भार कोष शीर्षकमा** (ब.सि.नं. १९५) मा छुट्टाईएको बजेट रु ७१,५०,०००/- (रुपैया एकहत्तर लाख पचास हजार मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | ग्याविन जाली भर्ने कार्य (बकुल्ला खोला के. एल. कटेज) | ३ | ५,७५,०००.० | पुल जीर्ण भएकोले | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **योग शिविर सञ्चालन विभिन्न वडाहरुमा** शीर्षकमा (ब.सि.नं ९५) मा छुट्टाईएको बजेट रु ८,००,०००/- (रुपैया आठ लाख मात्र) रकमलाई देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | योग शिविर सञ्चालन गर्न सामाग्री खरिद | ० | ३,००,०००.० | स्वस्थ रहन | |
| २ | योग शिविर सञ्चालन विभिन्न वडाहरुमा | ० | ५,००,०००.० | स्वस्थ रहन | |

च) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **नागरिकको लागत साझेदारीका आयोजनाहरुमा नगरको साझेदारी** शीर्षकमा (ब.सि.नं १८९) मा छुट्टाईएको बजेट रु ६५,००,०००/- (रुपैया पैसठ्ठि लाख मात्र) रकमलाई ७०/३० को साझेदारीमा देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | संसारकोटदेखि पोखरी छाप जाने बाटो मर्मत | २ | ७,००,०००.० | लागत साझेदारीमा रु ३ लाख सहभागिता | |

**निर्णय नं ४**

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **कृषि तथा पशुपन्छी सेवा विस्तार भवन निर्माण** शीर्षकमा (ब.सि.नं.१०५१) छुट्याइएको बजेट रु ३०,००,०००/- (रुपैया तीस लाख मात्र) रकमबाट बर्दघाट नगरपालिकाको नाममा रहेको देहाय वमोजिमको जग्गामा भवन निर्माण गर्न बर्दघाट नगरपालिका, ०९ वडा कार्यालयको च. नं. २२४ मिति २०८२/०४/२८ मा सिफारिस भई आएकोले उल्लिखित जग्गामा भवन निर्माण गर्ने।

| सि.नं | जग्गाको विवरण | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | साविक पद्मनगर गा.वि.स. वडा नं. २/ख कि.नं.१८८ को जम्मा ज.वि. १-१०-०-० मध्ये ०-०-०-० हाल बर्दघाट नगरपालिका वडँ नं ०९ | ९ | ३०,००,०००.० | कृषि तथा पशुपन्छी सेवा विस्तार गर्न | |

निर्णय नं ५

- घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्रका लागि प्राप्त निवेदनका सन्दर्भमा तपसिल बमोजिमको निवेदकबाट निवेदन साथ पेश गरिएका कागजातहरु बर्दघाट नगरपालिकाको **"घ" वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५** को दफा (२) को उपदफा (२) अनुसूची-५ बमोजिम तोकिएका मापदण्ड पुरा गरी ईजाजतपत्र प्रदान गर्न मिति २०८२/०६/२८ को प्राविधिक समितिको वैठकबाट सिफारिस भई आएकोले उक्त फर्मलाई उपदफा (४) अनुसूची-३ बमोजिम "घ" वर्गको इजाजतपत्र उपलव्ध गराउने ।

तपशिल

| सि.नं | फर्मको नाम र ठेगाना | प्रोप्राइटरको नाम | कैफियत |
|---|---|---|---|
| १ | गुरुङ्ग कन्स्ट्रक्सन सेवा प्रा.लि., बर्दघाट- १५, न.प. | रामबहादुर गुरुङ्ग, बर्दघाट-१५, न.प. | |

निर्णय नं ६

- यस नगरपालिकाबाट दैनिक संकलन हुने फोहोरमैलालाई आधुनिक प्रविधियुक्त मोडालिटिबाट कुहिने, नकुहिने र सिसाजन्य फोहोरलाई श्रोतमानै वर्गीकरण गरी उक्त स्थानको व्यवस्थापनको प्रकृया अगाडि बढाउने उद्धेश्यले संघीय सरकारबाट फोहोरमैला प्रशोधन केन्द्र स्थापना गर्न चालु आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त भएको विशेष अनुदान तर्फको रकमबाट आधुनिक प्रविधियुक्त सामाग्री सहितको प्रशोधनस्थल निर्माण सहित फोहोरमैला व्यवस्थापन गर्ने उद्धेश्यले जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं ४ अन्तर्गत पारिजात सामुदायिक वन उपभोक्ता समूहभित्र रहेको ईलाका प्रहरी कार्यालयको उत्तर तर्फ पर्ने ठाडेखोलाको आमडाँडा क्षेत्रको देहायको चौहद्दिभित्रको जम्मा अं. ४ (चार) हेक्टर जग्गामा निर्माण गर्न उपयुक्त रहेकोले उक्त स्थान छनौट गरी सो को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न आवश्यक पर्ने आथिक श्रोत आगामी हिउदे नगरसभाट सो को लागि स्रोत सुनिश्चितता गर्ने ।

पूर्वः वितैया खोला

पश्चिमः रिफ्रेस सेन्टर भएर वग्ने खोला

उत्तरः पहाड/चुरे पहाडको भिरालो भाग

दक्षिणः कालिगण्डकी करिडोर प्रसारण लाईन

निर्णय नं. ७

- बर्दघाट नगरपालिकाको आ.व. २०८२/०८३ मा नगर दररेटमा देहाय बमोजिमको आइटम समावेश नहुँदा योजनाको लागत अनुमान र मूल्यांकन गर्न कठिनाइ भएको हुंदा तपशीलका आइटमलाई नगर दररेटमा समावेश गर्ने ।

तपशिल

# Bardaghat Municipality

## Price of HDPE Pipes manufactured as per NS-40

### Fiscal year 2082/083

| S.N. | Outer Diameter | | PN 3 | PN 4 | PN 5 | PN 6 | PN 8 | PN 10 | PN 12.5 | PN 16 | PN 20 | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Size in mm | Size in inch | per m | per m | per m | per m | per m | per m | per m | per m | per m | |
| 1 | 16 mm | | | | | | | | | 25.00 | 29.00 | |
| 2 | 20 mm | 1/2" | | | | | | | 33.00 | 39.00 | 45.00 | |
| 3 | 25 mm | 3/4" | | | | | | 42.00 | 50.00 | 60.00 | 70.00 | |
| 4 | 32 mm | 1" | | | | | 55.00 | 68.00 | 80.00 | 98.00 | 115.00 | |
| 5 | 40 mm | 1-1/4" | | | | 70.00 | 85.00 | 106.00 | 128.00 | 152.00 | 176.00 | |
| 6 | 50 mm | 1-1/2" | | | 93.00 | 109.00 | 135.00 | 164.00 | 199.00 | 236.00 | 278.00 | |
| 7 | 63 mm | 2" | | | 143.00 | 168.00 | 204.00 | 254.00 | 306.00 | 338.10 | 428.00 | |
| 8 | 75 mm | 2-1/2" | 135.00 | 160.00 | 200.00 | 245.00 | 303.00 | 370.00 | 445.00 | 527.00 | 620.00 | |
| 9 | 90 mm | 3" | 185.00 | 235.00 | 290.00 | 345.00 | 425.00 | 530.00 | 633.00 | 754.00 | 890.00 | |
| 10 | 110 mm | 4" | 279.00 | 344.00 | 432.00 | 505.00 | 440.00 | 780.00 | 944.00 | 1131.00 | 1330.00 | |
| 11 | 125 mm | 4-1/2" | 360.00 | 440.00 | 550.00 | 655.00 | 822.00 | 1006.00 | 1220.00 | 1455.00 | 1717.00 | |
| 12 | 140 mm | 5" | 460.00 | 554.00 | 689.00 | 825.00 | 1033.00 | 1261.00 | 1535.00 | 1829.00 | 2159.00 | |
| 13 | 160 mm | 6" | 580.00 | 724.00 | 904.00 | 1070.00 | 1355.00 | 1653.00 | 2000.00 | 2383.00 | 2819.00 | |
| 14 | 180 mm | 7" | 733.00 | 915.00 | 1149.00 | 1350.00 | 1700.00 | 2091.00 | 2525.00 | 3010.00 | 3560.00 | |
| 15 | 200 mm | 8" | 910.00 | 1120.00 | 1406.00 | 1660.00 | 2100.00 | 2572.00 | 3115.00 | 3724.00 | 4397.00 | |
| 16 | 225 mm | 9" | 1150.00 | 1429.00 | 1786.00 | 2110.00 | 2657.00 | 3267.00 | 3950.00 | 4701.00 | 5570.00 | |
| 17 | 250 mm | 10" | 1410.00 | 1750.00 | 2210.00 | 2595.00 | 3259.00 | 4014.00 | 4860.00 | 5803.00 | 6858.00 | |
| 18 | 280 mm | 11" | 1790.00 | 2190.00 | 2750.00 | 3255.00 | 4110.00 | 5042.00 | 6100.00 | 7294.00 | 8609.00 | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 19 | 315 mm | 12" | 2249.00 | 2780.00 | 3490.00 | 4120.00 | 5208.00 | 6378.00 | 7720.00 | 9209.00 | 10889.00 | |
| 20 | 355 mm | 14" | 2862.00 | 3522.00 | 4427.00 | 5399.00 | 6590.00 | 8088.00 | 9805.00 | 11717.00 | 13823.00 | |
| 21 | 400 mm | 15-3/4" | 3627.00 | 4472.00 | 5592.00 | 6868.00 | 8381.00 | 10304.00 | 12446.00 | 14869.00 | 17549.00 | |
| 22 | 450 mm | 17-3/4" | 4524.00 | 5658.00 | 7069.00 | 8706.00 | 10587.00 | 12997.00 | 15742.00 | 18782.00 | 22222.00 | |
| 23 | 500 mm | 19-2/3" | 5630.00 | 6962.00 | 8755.00 | 10742.00 | 13090.00 | 16058.00 | 19461.00 | 23215.00 | 27415.00 | |

Terms and conditions:

The above prices are ex- factory and exclusive of 13% VAT

| Price of MS Valves | | | | |
|---|---|---|---|---|
| **S.N.** | **Descriptions** | **Unit** | **Rate** | **Remarks** |
| 1 | MS Butterfly Valve 6"X4" | Set | 19411.50 | (Excluding 13%VAT) |
| 2 | MS BR Valve 4" Reducer 6"X4" Ball valve with band | Set | 12300.88 | (Excluding 13%VAT) |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

निर्णय नं ८

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) नगर शिक्षा योजना निर्माण गर्न देहायको समिति गठन गर्ने र सोको लागि लाग्ने स्रोत आगाभी नगरसभामा विनियोजन हुने गरी स्रोत सुनिश्चित गर्ने ।

तपशिल

संयोजकः प्रमुख प्रशासकीय अधिकृत श्री बाबुराम पौडेल

सदस्यः वरिष्ठ प्रशासकीय अधिकृत श्री पुष्कर काफ्ले

सदस्य सचिवः शिक्षा अधिकृत श्री डिल्लीराम ढुंगाना

उल्लिखित समितिबाट थप-४ (चार) जना विज्ञ सदस्य मनोनयन गर्ने ।

निर्णय नं ९

- बर्दघाट नगरपालिकाको सुत्केरी पोषण कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७४ दफा ६ को सट्टामा "बर्दघाट नगरपालिकाभित्रका बर्थिङ्ग सेन्टहरुमा सुत्केरीहुने महिलालाई मात्र रु ५०००/- उपलब्ध गराउने र रिफरभई वाहिर गएकालाई उक्त रकम उपलव्ध नगराउने ।" भन्ने शव्दहरु राखिएको छ ।

- बर्दघाट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (दोस्रो संशोधन) २०८१ को दफा (४) को उपदफा ५ मा लिखित परीक्षा थप गर्ने जस अन्तर्गत "तोकिएको पाठ्यक्रमको हकमा सोही वमोजिम लोकसेवा आयोग वा अन्य निकायबाट तय भएको पाठ्यक्रम वमोजिम वा अधिकृतस्तरको हकमा वस्तुगत १०० पूर्णाङ्क र सहायकस्तरको हकमा वस्तुगत ५० पूर्णाङ्कको लिखित परीक्षा लिइने ।

निर्णय नं १०

- संघीय मामिला तथा सामान्य प्रशसन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको च. नं. ९५ मिति २०८२/०७/२१ को उजुरी पठाइएको बारेको पत्रमा स्वीकृत दरवन्दी बाहेकमा अस्थायी र करार कर्मचारीहरुलाई निरन्तरता दिएको भनि प्राप्त उजुरी आवश्यक कार्यार्थ यस कार्यालयमा प्राप्त भएको परिपत्रलाई अनुशरण गर्ने र जनशक्ति र सेवा प्रवाह सम्बन्धमा अध्ययन गरी सेवा प्रवाह अवरुद्ध नहुनेगर् जनशक्ति व्यवस्थापन गर्ने ।

निर्णय नं ११

क) यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका सार्वजनिक पोखरीहरु हाल सम्म विभिन्न आमा समूह क्लव तथा अन्य सरोकारवाला संघ संस्थाहरुले भोगचलन गर्दै आइरहेकोमा ठेक्का प्रकृयामा लैजान सम्भावना देखिएका तपसिल बमोजिमका पोखरीहरुको राजश्व परामर्श समितिको सिफारिस बमोजिम देहायअनुसार न्युनतम कवोल अँक कायम गरी २ (दुई) आर्थिक बर्षको लागि ~~सिलुतिय~~ बोलपत्र प्रकृया मार्फत ठेक्का प्रकृया अगाडी वढाउने ।

| क्र. सं. | विवरण | ठेगाना | न्युनतम कवोल अँक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|
| १ | माकर दक्षिण पोखरी माकर गाउँ | बर्दघाट- १ माकर गाँउ | १५००००.० | भ्याट सहित |
| २ | शिव मंदिर पोखरी | बर्दघाट- ६ | १५००००.० | भ्याट सहित |
| ३ | भग्जोगनी पोखरी (पुरानो गाँउ) | बर्दघाट- ११ भग्जोगनी | १०००००.० | भ्याट सहित |
| ४ | गैडाहा पोखरी | बर्दघाट- ११ गैडाहा | ३००००.० | भ्याट सहित |
| ५ | जहदा डोमहिया पोखरी | बर्दघाट-१२ | ८००००.० | भ्याट सहित |
| ६ | जहदा पुर्वको पोखरी | बर्दघाट- १२ | ४००००.० | भ्याट सहित |
| ७ | पनई पोखरी | बर्दघाट- १३ | १०००००.० | भ्याट सहित |
| ८ | मझौनी गाँउ (पश्चिम पोखरी) | बर्दघाट- १३ | ८००००.० | भ्याट सहित |
| ९ | नाग पोखरी | बर्दघाट- १४ | ८००००.० | भ्याट सहित |

ख) राजश्व परामर्श समितिको बैठकबाट भएको सिफारसिको आधारमा वहाल विरौटी करको चालु आर्थिक वर्ष २०८२/०८३ कोलागि ठेक्का लगाउने सन्दर्भमा गत वर्ष ठेक्का लगाउदा भएको ठेक्का सम्झौताको अंकलाई न्युनतम दर रेट कायम राखी देहायका हाट बजारको ठेक्का प्रकृया अगाडी वढाउने ।

| क्र.सं. | साप्ताहिक हाटबजारको नाम | ठेगाना | न्युनतम कवोल अँक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|
| १ | विहिवारे साप्ताहिक हाटबजार बाढिपिडित | बर्दघाट-४ | ८००००.० | मा प्रकाशित २३/२/२०८२ सुचनामा ठेक्का नपरेको |
| २ | विहिवारे साप्ताहिक हाटबजार | बर्दघाट-१६ | ५००००.० | पहिलो पटक |

निर्णय नं ७ विविध

क) चालु आ.व. २०८२/८३ मा वार्षिक नगर विकास योजनामा शिक्षा तर्फको स्वीकृत कार्यक्रम प्राविधिमैत्री कक्षा सञ्चालन गर्न शिक्षक/विद्यालयलाई ल्यापटप अनुदान कार्यक्रम (सि.नं.८९३ ) मा विनियोजन भएको बजेट रु. ७,६०,०००/- बाट आव २०८१/०८२ मा शिक्षा युवा तथा खेलकुद शाखामा ल्यापटप अनुदानका लागि निवेदन पेस गरेका आ.व. २०८१/०८२ मा अनुदान प्राप्त नगरेका निम्नमाध्यमिक तथा प्राथमिक तहमा कार्यरत स्थायी/राहत/संघीय शिक्षण सिकाइ अनुदान र नगर अनुदानमा कार्यरत न्युनतम १ वर्षभन्दा बढि सेवाअवधि भएका शिक्षकहरूलाई प्रविधि मैत्री कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने उद्देश्यले

शिक्षकले प्राप्त अनुदानबाट अनिवार्य ल्यापटप खरिद गरी प्रयोगको सुनिश्चित हुने गरी प्रति शिक्षक रु २०,०००/- का दरले विद्यालय मार्फत अनुदान रकम उपलब्ध गराउने ।

ख) चालु आ.व. २०८२/८३ मा वार्षिक नगर विकास योजनामा शिक्षा तर्फको स्वीकृत कार्यक्रम इस्स्योर परियोजनासँग सहकार्य (सि.नं. ८९५) मा रु १०,००,००० विनियोजन गरिएको छ। उक्त कार्यक्रम कार्यान्वयनका लागि इन्स्योर (ENSSURE) परियोजना अन्तर्गत वार्षिक कार्यक्रम कार्यान्वयन योजना तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम हुने गरी कुक शिर्षिकमा कार्यगत अभ्याससहितको १६९६ घण्टे (तह २) को तालिम सञ्चालन गर्ने र यो कार्यक्रम बहुवर्षीय क्रमागत कार्यक्रम भएकाले तालिम पूर्णरुपमा सम्पन्न गर्न बाँकी हुने नपुग रकम आगामी आ.व. २०८३/०८४ को बजेटमा रकम सुनिश्चित गर्ने।

ग) गत आर्थिक बर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **टोल विकास संस्थालाई सरसफाइ तथा हरियाली प्रवर्द्धन कार्यक्रम सहयोग** शीर्षकमा (ब.सि.नं १२७) मा छुट्टाईएको बजेट रु १०,००,०००/- (रुपैया दश लाख मात्र) मध्ये नव दुर्गा टोल विकास संस्था बाढीपिडितलाई हरियाली तथा सहयोग कार्यक्रममा भुक्तानी दिन पर्ने रु १०,०००/- (रुपैया दश हजार मात्र) रकम संस्थाको खाता सञ्चालनको कारण भुक्तानी रोकिन गएकोले हाल भुक्तानी दिने ।

घ) बर्दघाट नगरपालिकालाई आवश्यक कानूनी राय सल्लाह र आवश्यक पर्ने ऐन, कानून तथा कार्यविधि निर्माणमा कानूनी सल्लाह तथा सहजीकरणमा सहयोग गरी नगरपालिकाको तर्फबाट कानूनी बचाउ गर्न बर्दघाट नगरपालिकाको कानूनी सल्लाहकारमा वरिष्ठ अधिवक्ता श्री थीरलाल पराजुली (९८५७०४५३४३) लाई सम्झौतामा उल्लेख भएनुसारको सुविधा उपलब्ध गराउने गरी नियुक्ति गरिएकोमा उहाँको मिति २०८२ साल आषाढ मसान्तमा अवधि सकिएकोले यस आर्थिक वर्ष २०८२ श्रावण १ देखि २०८३ साल आषाढ मसान्तसम्म अवधि थप गर्ने ।

ङ) बर्दघाट नगरपालिका वडा नं ०५ स्थित माकर स्वास्थ्य चौकीले कार्यालय भवन निर्माण गरी विगत २०३८ सालदेखि भोगचलन गर्दै आइरहेको साविक माकर-९/ख कि नं २४६ को जम्मा ज वि १-०-०-० जग्गाको फिल्डबुकमा बगैंचा उल्लेख भएको भएतापनि उक्त जग्गा भोगचलनको आधारमा माकर स्वास्थ्य चौकीको नाममा जग्गा धनी दर्ता प्रमाणपूर्जा प्राप्त गर्न सम्बन्धित ०५ नं वडा कार्यालयको च. नं. ५०५ मिति २०८२/०७/३० मा सिफारिस भई आएकोले सो जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

च) बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय माताहातका कार्यालय र सडक वत्तिको नियमित मर्मत सम्भार कार्यको लागि एक जना इलेक्ट्रिकसियन दक्ष प्राविधिक कर्मचारी दैनिक ज्यालादारीमा नियुक्ति गर्ने ।